## गुराँस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता,दैलेख
कर्णाली प्रदेश,नेपाल

प.स: ०७७/७८
च.न: 345

मिति : 2078/5/23

**१५ दिने सिलबन्दी दरभाउ आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति:२०७८/०५/२३**

यस गाउँपालिकालाई आवश्यक निम्न कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म /कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको दरभाउ पत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ .

१. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मिति देखि तपशिलमा उल्लेख भए बमोजिमको मिति सम्म फर्म /संस्था /कम्पनी को लिखित निवेदन पेश गरि यस गाउँपालिकाको राजस्व शाखाबाट तपशिल बमोजिमको दस्तुर बुझाई दरभाउ पत्र बापतको रकम पछि फिर्ता नहुने गरि खरिद गर्न सकिने छ ।

२. बोलपत्र तपशिलमा उल्लेखित मिति र समय भित्र यस गाउँपालिकाको राजस्व शाखामा शिलबन्दी गरि दर्ता गराई सक्नु पर्नेछ । दरभाउ पत्र फारम बुझाउदा शिलबन्दी गरि खामको बाहिर गुराँस गाउँपालिकाको कार्यालय रानीमत्ता,दैलेख लाई सम्बोधन गरि आफुले गर्न चाहेको कार्य सहित बोलपत्रको ठेक्का न. समेत स्पष्टसंग उल्लेख गर्नुपर्ने छ ।

३. दर्ता हुन आएका शिलबन्दि दरभाउपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा गाउँपालिकाको कार्यालयका कर्मचारीहरुको वा फर्म/कम्पनिका प्रतिनिधिको रोहबरमा खोलिने छ तर फर्म /कम्पनीको प्रतिनिधिहरु उपस्थिति नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

तपशिल

| सि.नं. | ठेक्का न. | कार्यको विवरण | दरभाउ पत्र फारम खरिद गर्ने मिति र समय | दरभाउ पत्र दर्ता गर्ने मिति र समय | दरभाउ पत्र खोलिने मिति र समय | फारम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १. | 01/SQ/2078-079 | राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन र सूचना प्रकाशन | २०७८/०६/१२ कार्यालय समय | २०७८/०६/१३ १२:०० बजे | २०७८/०६/१३ २:०० बजे | १००० | १००००० |

४. बोलपत्र जमानत बापत माथि उल्लेखित रकम बराबर यस गाउँपालिकाको नाममा रहेको प्रभु बैंक को धरौटी खाता न. १५५०१०९२९९१०००७१ मा नगदै जम्मा गरेको सक्कले बैंक भौचर पेश गर्नु पर्ने

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गुरौंस गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रानीमत्ता,दैलेख

कर्णाली प्रदेश,नेपाल

प.स: ०७७/७८

च.न: ४५६

मिति : २०७८।५।२९.......

छ दरभाउ पत्र जमानतको हकमा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिन सम्मको मान्य अवधि भएको हुनु पर्ने छ ।

५. बोलपत्र दाताको योग्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउ पत्र दाताले शिलबन्दी दरभाउ पत्र साथ देहायका प्रमणित कागजात पेश गर्नु पर्ने:

क. फर्म/संस्था /कम्पनि दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

ख. व्यवसाय दर्ताको इजाजत पत्र

ग. मु.अ.क. र स्थायी लेखा न. दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

घ. दरभाउ पत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति

ङ. आ.ब. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

च. दरभाउ पत्र दाता फर्म /कम्पनीको Power of Attoney Letter समेत पेश गर्नु पर्ने छ

६. दरभाउ पत्र फारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य भोलि पल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा गरिने छ ।यस्तो अवस्थामा दरभाउ पत्र जमानत र दरभाउ पत्रको मान्य अवधिको गणना साविककै मिति बाट गरिने छ ।

७. यसै सूचनाको बुदा ५ बमोजिमका कागजात संलग्न नभएको,विभिन्न शर्तहरु उल्लेख गरेको,दरभाउ पत्र सम्बन्धि कागजामा दरभाउ पत्र दाताले उल्लेख गर्नुपर्ने विवरण हरु उल्लेख नगरेको र प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम रित नपुगी आएको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

८. कुनै वा सबै दरभाउ पत्र पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ ।

९. माथि लिखित कार्यको सम्झौता अवधि बढीमा १ वर्षको हुने छ स्विकृत दरभाउ पत्र दातालाई उक्त अवधि भित्र दरभाउ पत्र फारममा उल्लेख भएबमोजिम राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन सूचना प्रकाशन गर्न यस गाउँपालिकाले निर्देशन दिने छ । सम्झौताको अवधि भर दरभाउ पत्र फारममा

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गुरौंस गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रानीगस्ता,दैलेख
कर्णाली प्रदेश,नेपाल

प.सः ०७७/७८
च.नः ३५९

मिति : २०७८/५/२५

उल्लेख भएको सूचना गाउँपालिका लाई आवश्यक परेमा स्विकृत दरभाउ पत्र दाताले आफुले कबोल गएको दररेटमा नै उक्त सूचना प्रकाशन गर्नुपर्ने छ ।

१०. यस सम्बन्धि थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समयमा कार्यालयको (फोन न. ९८५८०२०१४४ र ९८५१३२१७५० ) मा सम्पर्क राख्न सकिने छ ।

११. विज्ञापन जुन पत्रिकामा छाप्नको लागि दरभाउपत्र स्वीकृत हुन्छ सो दैनिक पत्रिका सुर्खेत र दैलेख मा आईपुग्ने प्रमाण पेश गर्नु पर्ने छ।

(दिपक कुमार आचार्य )
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner